लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# कुखुरा विकास फार्म
खजुरा, बाँके

फोन नं. ०८१-५६०२०१
मोबाईल नं. ९८५८०२४२१८
Email: pdfkhajura@gmail.com
Website: www.pdfbanke.gov.np

प.स. ०८२/८३
च. नं.

सूचना नं. २
मितिः २०८२।०८।०५

**ब्रुडर कृषकको लागी सूची दर्ता गर्ने सम्वन्धि सूचना**

यस कुखुरा बिकास फार्म, खजुराबाट उत्पादन भएका स्थानीय तथा ग्रामिण जातका १ दिने चल्लाहरु सःशुल्क खरिद गरि लुम्बिनी प्रदेश सरकारबाट मिति २०७८/०४/०१ मा प्रदेश राजपत्रमा प्रकाशित सूचना अनुसारको दररेटमा चल्ला हुर्काई बिक्रि गर्न ईच्छुक लुम्बिनी प्रदेश अन्तर्गतका निजी कुखुरापालक फार्म/कम्पनीहरुले प्रचलित कानुन अनुसार आधिकारिक निकायमा दर्ता भएका, आन्तरिक राजस्व कार्यालयमा व्यवसाय दर्ता भै स्थायी लेखा नं. वा भ्याट न. लिएका, नविकरण तथा गत आ.व.को कर चुक्ता गरेका तपशिल अनुसारको मापदण्ड पुरा गरेका/गर्न सक्ने योग्य निजि फार्महरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०८२/०८/१९) तपशिल अनुसारको मापदण्डको अधिनमा रही यस फार्ममा ब्रुडर कृषकको रुपमा सुचिकृत हुनका लागी यो सुचना प्रकाशन गरि प्रस्ताव आह्वान गरिएको छ।

<u>तपशिल</u>

१ ब्रुडर कृषक छनोट हुन ईच्छुक फार्म प्रचलित नियमानुसार कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योगको कार्यालयमा दर्ता भएको, आन्तरिक राजस्व कार्यालयमा व्यवसाय दर्ता भई प्यान न. वा भ्याट न. लिएको हुनुपर्नेछ । पुरानो फार्महरुले नविकरण गरि कर चुक्ता गरेको हुनुपर्नेछ।

२ चल्ला ब्रुडिंगको लागि आवश्यक पूर्वाधारहरु (जस्तै उपयुक्त खोर, दानापानि खुवाउने व्यवस्था, जैविक सुरक्षा, पानी, विधुत, वाटो, फोहोर ब्यबस्थापन आदि) भएको हुनुपर्नेछ।

३ कुखुरा बिकास फार्म खजुरा, बाँकेको निगरानी सहज हुने व्यवसायिक कुखुरापालन गर्ने बढिमा १० वटा फार्म छनोट गर्न गरिनेछ। प्रस्ताव पेश हुन आएका मध्येवाट कार्यालयले मुल्यांकनका आधार बनाई वढीमा १० जना फार्महरुलाई चल्ला हुर्काउनका लागी ब्रुडर कृषक छनोट गर्नेछ।

४ ब्रुडर कृषकहरुलाई सःशुल्क १ दिने चल्ला उपलब्ध गराउने तालिका कुखुरा विकास फार्म, खजुराले तयार गरि लागु गर्नेछ। तयार गरिएको तालिका अनुसार ब्रुडर कृषकले १ दिने चल्ला फार्मबाट खरिद गर्नुपर्नेछ। तयार गरिएको तालिका अनुसार चल्ला खरिद नगर्ने, नियमित तालिका अनुसार नगरेमा त्यस्ता ब्रुडर कृषकलाई फार्मले एकपक्षिय रुपमा ब्रुडर कृषकबाट हटाउन सक्नेछ।

५ तोकिएको समयसम्म हुर्काइएका गुणस्तरीय स्वस्थ चल्लाहरु प्रदेश सरकारद्वारा तोकिएको दररेटमा कार्यालयसंग समन्वय गरि प्रदेश मन्त्रालय मातहतका कार्यालयहरुमा विनियोजित कार्यक्रमहरुमा ब्रुडर किसानले बिक्रि गर्न सक्नेछन्। तर यसरी हुर्काइएका चल्ला बिक्रि गर्ने जिम्मा स्वयं ब्रुडर किसानको हुनेछ।

०८/०५
राधा पन्थी पाण्डे
फार्म प्रबन्धक

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# कुखुरा विकास फार्म
खजुरा, बाँके

फोन नं. ०८१-५६०२०१
मोबाईल नं. ९८५८०२४२१८
Email: pdfkhajura@gmail.com
Website: www.pdfbanke.gov.np

प.स. ०८२/८३
च. नं.

६ ब्रुडर कृषकहरुले कुखुरा विकास फार्म, खजुरा बाँकेले तोके अनुसारका खोपहरु कुखुरा विकास फार्मको रोहवरमा खोपकार्डको प्रयोग गरि अनिवार्य लगाउनुपर्नेछ। जैविक सुरक्षाको पुर्ण पालना गर्नुपर्नेछ।

७ चल्लाहरुको दानाको हकमा २ हप्ताको उमेरसम्म B0 र सो भन्दा माथी ६ हप्ता सम्म B1 दानाको प्रयोग गर्नुपर्नेछ।

८ ६ हप्ता उमेर पुगेका कम्तिमा १००० चल्ला हुर्काउन सक्ने क्षमता भएको व्यवस्थित खोर भएको हुनुपर्नेछ।

९ कुखुरा विकास फार्म, खजुराको सहमति नलिई अन्य ह्याचरीको चल्ला हुर्काएर बिक्री वितरण गर्न पाउनेछैन र आफैले चल्ला उत्पादन गर्ने ह्याचरीहरुलाई ब्रुडर कृषकको रुपमा छनौट गरिनेछैन।

१० पुराना ब्रुडर कृषकहरुको हकमा उपरोक्त अनुसारको मापदण्ड पुरा गरि गत आ:वमा कम्तिमा १०,००० गोटा १ दिने चल्ला यस फार्मबाट खरिद गरि हुर्काएको हुनुपर्नेछ।

११ उपरोक्त अनुसारका मापदण्ड पालना नगरेको खण्डमा छनौट भएका ब्रुडर कृषकलाई कुखुरा विकास फार्म, खजुराले एकपक्षिय रुपमा सम्झौता रद्ध गरि ब्रुडर कृषकबाट हटाउन सक्नेछ।

०८।०५
राधा पन्थी पाण्डे
फार्म प्रबन्धक